# सहिदभूमि राजपत्र

**सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड-३, सङ्ख्या-१ सहिदभूमि राजपत्र, मिति : २०७७/०९/०९

**भाग-२**

सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन ) कार्यविधि, २०७७

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ञ)** ले दिएको अधिकार प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सहिदभूमि गाउँ कार्यपालिकाले **फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** जारी गरेको छ ।

**प्रस्तावना** :

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को नियम १०२ को उपनियम १ तथा सहिदभूमि गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम सहिदभूमि गाउँ कार्यपालिकाबाट यो कार्यविधि बनाएको छ ।

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यी कार्यविधिको नाम “लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन ) कार्यविधि, २०७७ ” रहको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “कार्यालय” भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) “कोष” भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संझनु पर्छ ।

(ग) “पीडित” भन्नाले लैङ्गिक हिंसावाट पीडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय संझनु पर्छ

(ङ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायात लैङ्गिक आधारमा हुने हिंसा संझनु पर्छ ।

(च) “सञ्चालक समिति” भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति संझनु पर्छ ।

**३.कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ,

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(खं) विदेशी व्यक्ति , अन्तराष्ट्रिय संघ संस्था वा सरकारवाट प्राप्त रकम,

(ग) गाउँपालिकावाट विनियोजित रकम,

(घ) स्वदेशी व्यक्ति वा सघ वा संस्थावाट प्राप्त रकम ,

(ङ) अन्य कुनै स्रोतवाट प्राप्त रकम

**४. कोषमा रकम जम्मा गर्ने.** महिला तथा बालबालिकाको हकहितको क्षेत्रमा कार्य गर्नको लागि गाउँपालिकाले वार्षिक रुपमा कोषमा जम्मा गर्नु पर्नेछ ।

**५.कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पिडितलाई उपलव्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्दार गर्न,

(ख) औषधि उपचार गर्न,

(ख१) राहात प्रदान गर्ने तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(ग) कानुनी साहायता , मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(घ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) लैंङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखि आएमा,

(छ) पिडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसावाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसावाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिहरुलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६ .कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संञ्चालक समितिको सचिवालय तथा वैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७ . सञ्चालक समितिको गठन** : (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्न काम समेतको लागि एक कोष सञ्चालन समिति रहनेछ ।

(२) संञ्चालक समितिको गठन देहायवमोजिम हुनेछ

(क) उपाध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख, स्थानीय प्रहरी कार्यालय - सदस्य

(घ) सामाजिक समिति संयोजक - सदस्य

(ङ) कार्यपालिका सदस्य, महिला - सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येवाट गाउँपालिकाको अध्यक्षले तोकेको संस्थाको प्रतिनिधि १ जना -सदस्य

(छ) प्रमुख, महिला तथा वालबालिका शाखा - सदस्य सचिव

(४) संञ्चालक समितिको सचिवालय गाउँपालिकामा रहनेछ ।

**८.सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** संञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा स्थानीय तहवाट स्वीकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(खं) पीडितलाई राहात तथा आर्थिक सहयोग उपलव्ध गराउन कार्यालयलाई सिफारिस गर्ने,

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) पालिकाभित्र घटेका लैङ्गिक हिंसा सन्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदानको रकम प्रदान गर्ने सम्वन्धमा मापदण्ड वनाई लागु गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ज) पीडितको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागी राहत, आर्थिक सहयोग तथा अन्यसामाग्री उपलव्ध गराउने,

(झ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**९. संञ्चालक समितिको वैठक र निर्णय:** (१) संञ्चालक समितिको वैठक आवश्यकता अनुसार वस्नेछ।

(२) संञ्चालक समितिको वैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा वस्नेछ ।

(३) संचालक समितिको वैठक वस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै संञ्चालक समितिको सदस्य सचिवले वैठकमा छलफलमा हुने कार्यसुची सहितको सुचना सवै सदस्यहरुलाई दिन ुपर्नेछ ।

(४)संञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा सो समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) संञ्चालक समितिको वैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा संञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले गर्ने छ ।

(६) संञ्चालक समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) सञ्चालक समितिले वैठकमा आवश्कता अनुसार नेपाल सरकारको कुनै कर्मचारी पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको वैठकको पर्यवेक्षको रुपमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

(८) संचालक समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरि राख्ने छ ।

(९)संचालक समितिको वैठक सम्वन्धी अन्य कार्यविधि सो समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०.राहात तथा आर्थिक सहयोग उपलव्ध गराउने रकमको हद र आधार :** (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउदा देहायको आधारमा देहायको रकममा नवढने गरी उपलव्ध गराईनेछ :–

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्चवापत प्रतिदिन रु दुई सय पचास रुपैयाँ र बाँस वस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रति दिन पाँचसय रुपैयाँको दरले वढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा वस्ने व्यवस्था नभई वाहिर वस्नु परेमा वढीमा पाँच दिनको वास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी वढीमा छ हजार पाँचसय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलव्ध गराउन सकिनेछ ।

(ग) कानुनी साहायता, मनोवैज्ञानिक उपचार वा मनोविर्मशका लागि पाँचहजार रुपैयाँमा नवढ्ने गरी लागेको यर्थाथ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउँ पुजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी वढीमा तीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि वढीमा पाँच हजार रुपैयाँ,

(च) संञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी वढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे वसेको पीडितलाई संञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलव्ध गराउन सकिनेछ ।

**११. राहात तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने कारण खुलाई स्थानीय कोष संचालन समितिमा अनुसूची बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँजवुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहत समितिले नियम १२ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलव्ध गराउन सक्नेः** (१) यस नियमवलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्कीई वा त्यस्तो पदार्थले पोलेको लगायता गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार ,औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा र सञ्चालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा सञ्चालक समितिको अध्यक्षले आवश्यकता र औचित्यको आधारमा मनासिब रकम कोषबाट पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी संञ्चालक समितिको अध्यक्षवाट पीडितलाई रकम उपलव्ध गराइएकामो त्यसरी रकम उपलव्ध गराइएपछि वस्ने संञ्चालक समितिको वैठकवाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) संञ्चालक समितिवाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई सञ्चालक समितिसंग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले कार्यालयको अवश्यकता र औचित्यता हेरी कोषवाट थप रकम निकासा दिन सक्नेछ ।

**१४.छुट्टै खाता खोल्नुपर्ने :** (१) कार्यालयले नियम १० बमोजिम प्राप्त भएको रकम लैङ्गिक हिंसा कोषको नाममा कुनै वाणिज्य वैकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखामा काम गर्ने मुख्य कर्मचारीको सयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षण :**(१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. आवर्ति (रिभल्भीङ) कोष** : यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने :** (१)राहत समितिले प्रत्येक छ महिनामा सो समितिवाट भए गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पठाउन ुपर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिवाट अघिल्लो आर्थिक वर्ष भरीमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) आवश्यकता अनुसार गाउपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१८. वैठक भत्ता :** सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको वैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम वैठक भत्ता वापत पाउनेछन् ।

**१९. निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले संञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु संचालक समितिको कर्तव्य हुनेछ ।

अनुसूची १
(नियम १४ संग सम्बन्धित)

विषय :- सहयोग उपलव्ध गराई पाउँ ।

श्री अध्यक्षज्यू
लैङ्गिक हिंसा निवारण कोष संचालन समिति,
सहिदभूमि गाउँपालिका, धनकुटा ।

म सहिदभूमि गाउँपालिका वडा नं. ............ टोल/वस्ती ..................... मा वस्ने वर्ष...................... को ............................................. मिति............................ मा लैंगिक हिसावाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैगिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक / शारीरिक / सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार / मनोविमर्श/स्वरोजगार/ पुनर्स्थापना/ अन्य ...................... कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको
नाम,थर.....................
ठेगना....................................
दस्तखत..............................
मिति..................................

आज्ञाले :
राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत